(२२)

सातौं बैठक

आज मिति २०७४।०४।१२ गते बिहिबारका दिन बैतेश्वर गाउँकार्यपालिकाको बैठक गाउँकार्यपालिकाका अध्यक्ष छवि लामाज्यूको अध्यक्षतामा बैतेश्वर गाउँपालिकाको अस्थायी सम्पर्क कार्यालय मेघेचौरमा देहायका पदाधिकारीहरुको उपस्थितिमा वसी देहाय बमोजिम निर्णय गरियो ।

उपस्थितिः

| सि.नं. | नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री छवि लामा | अध्यक्ष | |
| २ | श्री रविचन्द्र आचार्य | उपाध्यक्ष | |
| ३ | श्री बृष बहादुर तामाङ | सदस्य | |
| ४ | श्री श्याम कुमार तमाङ घिसिङ | सदस्य | |
| ५ | श्री कृष्ण बहादुर दहाल | सदस्य | |
| ६ | श्री कुमार चौलागाई | सदस्य | |
| ७ | श्री माधव बहादुर वस्नेत | सदस्य | |
| ८ | श्री शम्शेर घिसिङ | सदस्य | |
| ९ | श्री रेशम राजस्वराज रिमाल | सदस्य | |
| १० | श्री रमेश कुमार अधिकारी | सदस्य | |
| ११ | श्री ठुलीकान्छी विश्वकर्मा | महिला सदस्य | |
| १२ | श्री चेसम तमाङ | महिला सदस्य | |
| १३ | श्री शान्ति तमाङ | महिला सदस्य | |
| १४ | श्री मान कुमारी रिमाल | महिला सदस्य | |
| १५ | श्री ढाल बहादुर जिरेल | अल्पसङ्ख्यक सदस्य | |
| १६ | श्री राजन नेपाली | दलित सदस्य | |
| १७ | श्री नारायण प्रसाद दहाल | सचिव (नि कार्यकारी अधिकृत) | |
| १८ | श्री देवराज खत्री | आमन्त्रित [illegible] सदस्य | |

निर्णय:- नं (१) बैतेश्वर गाउँ पालिकाको आ. व. २०७४/०७५ को प्रथम चौमासिक निकासा गाउँ पालिकाको खातामा निकासा प्राप्त भएको जानकारी निर्णय गरियो —

निर्णय नं. (२) वैतेश्वर गाउँपालीका गाउँ कार्यपालीकाको अस्थायी सम्पर्क कार्यालय संगमा प्रहरी चौकी स्थापना सम्बन्धी मिति २०७४।३।२३को नि.नं. ४ ख. निर्णय भएकोमा हाल सम्म प्रहरी चौकी स्थापनाको कार्य शुरु नभएकोले यथा सक्य चाडो प्रहरी चौकी स्थापना गरि दिन जिल्ला प्रशासन कार्यालय चरिकोटमा अनुरोध गर्ने सर्वसम्मत निर्णय गरियो।

निर्णय नं. (३) क) आ. व. २०७४।०७५ मा वैतेश्वर गाउँ पालीका भित्र संचालन गर्न स्वीकृत भएका आयोजना गत अनुगमन समिति गठन गर्ने।

ख) आयोजनाको गुणस्तर कायम गराउन वडा समितिको निर्णय बमोजिम वडास्तरिय अनुगमन समिति गठन गरि संचालित योजना हरूको प्रभावकारी अनुगमन गरि उपभोक्ता समिति मा अनुगमनको प्रतिवेदन समावेश गर्ने छ।

ग) गाउँ पालिका स्तरिय अनुगमन समिति देहाय बमोजिम गठन गरियो। आयोजनाको, अनुगमन, बजार, अनुगमन NGO / INGO सरकारी निकाय बाट गरिने कार्यक्रमको अनुगमन गरी, प्रतिवेदन पेश भएपश्चात, भुक्तानी हुने निर्णय गरियो।

तपसिल

श्री छविलामा - अध्यक्ष - संयोजक
श्री रविचन्द्र आचार्य - उपाध्यक्ष - सदस्य
श्री वरिष्ठ प्राविधिक - सदस्य
श्री मान कुमारी मिजार मे. कोषाध्यक्ष सदस्य
श्री हलीकान्छी विश्वकर्मा दिमं सदस्य
श्री लेखा / योजना शाखा - १ जना (कर्मचारी) सदस्य

निर्णय नं. (४) जिल्ला कृषि विकास कार्यालय चरिकोट बाट यस गाउँ पालिकामा कार्य गर्ने गरि खटाइएका ~~श्री~~ अंकी उपलब्ध नभएसम्म भएसम्म लागि वडा नं. ८को वडा सचिवको जिम्मेवारी तोकी खटाइने निर्णय गरियो।

निर्णय नं (५) वैतेश्वर गाउँ पालिका भित्र रहेका विद्यालय हरु, मा. वि. आधारभूत प्राथमिक विद्यालयका प्र. अं. हरुको एकदिने अन्तरक्रिया कार्यक्रम सञ्चालन गरि शैक्षिक योजना निर्माणको लागी २०७४।४।२१ गते शनिवार बिहान ६. बजे जनसचेतन बचत तथा ऋण सहकारी संस्था लि० को सभा कक्षमा आमन्त्रण गर्ने निर्णय गरियो।

निर्णय नं. (६) वैतेश्वर गाउँ पालिका ग्रामित्र संचालित व्यपार व्यवसाय गर्ने ठुला साना सवै व्यपारी हरुलाई आफ्नो विक्रि सामानको मूल्य सूचि अनिवार्य राख्नको लागी १५ दिनको समय मिति २०७४ साल श्रावण मसान्त भित्र मूल्य सूचि अनिवार्य पसलमा राख्नको लागी सार्वजनिक सूचना प्रकाशित गर्ने निर्णय गरियो। प्रकाशित सूचनाको अवधिको ख्याल नगरि मूल्य सूचि प्रकाशन नगर्ने व्यपारी/व्यवसायी हरुलाई कालो सूचीमा नाम तीकलन गरी प्रकाशन गरिने छ।

निर्णय नं० (७) वैतेश्वर गाउँ पालिका भित्र विभिन्न विषयमा काम गर्ने गैरसरकारी संघ संस्था इकाईहरु, स्वास्थ्य संस्था प्रमुख. हरुको उपस्थितिमा अन्तरक्रिया, सेवा संचालन को विषयमा छलफल गरि निर्णय गर्न आगामी मिति २०७४।४।१६ गते बिहान ११. बजे गाउँपालिकाको कार्यालय मै बोलाउने निर्णय गरियो।

निर्णय नं. (८) संघिय मामिला तथा स्थानिय विकास मन्त्रालय सिंहदरबार काठमाण्डौ, कर्मचारी, प्रशासन तथा आन्तरिक व्यवस्थापन शाखा को च. नं. १६१ मिति २०७४।४।८ को पत्रानुसार मतदाता नामावली दर्ता कार्यमा आवश्यक सहयोग गर्ने सम्बन्धमा छलफल गर्दा मतदाता नामावली संकलन तथा अद्यावधिक को कार्यमा गाउँ पालिका वाट पूर्ण रुपमा सहयोग गर्ने निम्नानुसार तिकत समय तालिका निर्धारण गरियो।

तपसिल

| | |
|---|---|
| मिति २०७४।४।१६ र १७ गते | वडा नं. ६ |
| २०७४।४।१८-१९ गते | वडा नं. ७ |
| २०७४।४।२० र २१ गते | वडा नं. ८ |
| २०७४।४।२२ र २३ गते | वडा नं. ५ |
| २०७४।४।२४ र २५ गते | वडा नं. ४ |
| २०७४।४।२६ र २७ गते | वडा नं. ३ |
| २०७४।४।२८ र २९ गते | वडा नं. २ |
| २०७४।४।३० र ३१ गते | वडा नं. १ |

निर्णय नं (ङ) बैतेश्वर गाउँ पालिकाको स्थायी कार्यालय स्थापना गर्न जग्गा उपलब्ध गराउने विषयमा पेश भएका व्यक्तिगत सार्वजनिक जग्गा उपलब्ध हुन सक्ने भनि पेश गरेका निवेदन उपर आजको बैठकमा छलफल गरि जग्गा प्राप्त गर्नको लागी, निम्न अनुसारको ५ (पाँच) सदस्य समिति गठन गर्ने, गठित समितिले मिति २०७४। श्रावणमसान्त भित्र उपयुक्त जग्गाको सिफारिस गर्ने समय सिमा तोकी पेश भएको जग्गा गाउँ सभा ~~कार्यपालिका~~को बैठक पारित गर्ने निर्णय गरियो।

तपसिल

१) सम्शेर घिसिङ - संयोजक
२) देवराज खत्री - सदस्य
३) रमेश कुमार अधिकारी - सदस्य
४) पम बहादुर तमाङ - सदस्य